कार्यान्वयन

# अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभव उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना: प्रदेश सरकारको शासकीय अभ्यास, प्रशासन तथा विकास व्यवस्थापनलाई प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाहलाई जनअपेक्षित बनाउन अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवको उपयोग गर्न आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ बमोजिम लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभव उपयोग गर्ने सम्बन्धी कार्यविधि, २०८१" रहेकोछ ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अवकाशप्राप्त राष्ट्रसेवक" भन्नाले सङ्घीय, प्रादेशिक वा स्थानीय सरकारी सेवाको निजामती, प्रहरी, जङ्गी तथा सङ्गठित संस्थाको पदमा सेवा गरी अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारी सम्झनु पर्छ ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ७ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकार अन्तर्गतका मन्त्रालय सम्झनु पर्छ।

(घ) "विद्युतीय माध्यम" भन्नाले सूचना तथा सञ्चार प्रविधिको माध्यम (जस्तै: सामाजिक सञ्जाल, ईमेल, टेलिफोन तथा मोबाइल प्रविधि आदि) सम्झनु पर्छ ।

(ङ) "सङ्गठित संस्था" भन्नाले विश्वविद्यालय, सार्वजनिक शिक्षण संस्था लगायतका नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वका संस्थान, कम्पनी, बैङ्क वा समिति तथा प्रचलित कानून बमोजिम स्थापित आयोग, प्राधिकरण, निगम, बोर्ड, केन्द्र, परिषद् लगायतका संस्था सम्झनु पर्छ।

३. विषय विज्ञको रूपमा आवद्धताको प्रक्रिया: (१) लुम्बिनी प्रदेश अन्तर्गतका अवकाशप्राप्त राष्ट्रसेवकको विषय विज्ञताको पहिचान तथा विवरण सङ्कलनको लागि सार्वजनिक सूचना मार्फत आह्वान गरिनेछ।

लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय ...

(२) उपदफा (१) बमोजिम आफ्नो नाम सूचीकरण गराउन इच्छुक अवकाशप्राप्त राष्ट्रसेवकले सो सूचनामा उल्लिखित कागजात संलग्न गरी अनुसूची बमोजिमको फाराम भरी सोही सूचनामा उल्लिखित कार्यालयमा बुझाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम विषय विज्ञताको पहिचान तथा विवरण सङ्कलनको प्रयोजनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले विद्युतीय प्रणालीको विकास गरी लागू गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम प्राप्त भएको अवकाशप्राप्त राष्ट्रसेवकको विवरणलाई ज्ञान, सीप तथा अनुभवका आधारमा देहायअनुसार क्षेत्रगत विशेषज्ञताको सूची तयार गरिनेछः-

(क) सार्वजनिक प्रशासन तथा व्यवस्थापन,

(ख) कुटनैतिक,

(ग) सुरक्षा व्यवस्थापन,

(घ) न्याय तथा कानून,

(ङ) भौतिक पूर्वाधार तथा इन्जिनियरिङ्ग,

(च) सामाजिक विकास (शिक्षा, खेलकूद, महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता),

(छ) स्वास्थ्य, खानेपानी तथा सरसफाइ,

(ज) वित्तीय क्षेत्र तथा लेखाप्रणाली,

(झ) सूचना तथा सञ्चार प्रविधि,

(ञ) विपद व्यवस्थापन तथा वातावरण संरक्षण,

(ट) अन्य विविध विषयहरू।

(५) उपदफा (४) बमोजिम तयार गरिएको क्षेत्रगत विशेषज्ञताको विवरणलाई जिल्ला तथा स्थानीय तहगत रूपमा समेत छुट्याइ सम्बन्धित जिल्ला समन्वय समिति तथा स्थानीय तहलाई उपलब्ध गराइनेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त विवरण अनुसार सम्बन्धित स्थानीय तहले अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न सक्नेछन् ।

४. <u>विषय क्षेत्रगत रूपमा विज्ञलाई सहभागी गराउन सकिने क्षेत्रहरू</u>: (१) सार्वजनिक प्रशासन, सुशासन र विकास व्यवस्थापन अन्तर्गत देहायका क्षेत्रहरूमा अवकासप्राप्त राष्ट्रसेवकको विज्ञताको उपयोग तथा परिचालन गर्न सकिनेछः-

(क) आयोग, परिषद् तथा समितिहरूमा हुने नियुक्तिमा प्राथमिकता,

(ख) अनुगमन तथा मूल्याङ्कन (सार्वजनिक नीति अनुगमन, वार्षिक कार्यक्रम कार्यान्वयन अनुगमनमा सहजिकरण तथा तेस्रो पक्ष अनुगमन),

(ग) अध्ययन तथा अनुसन्धान,

(घ) तालिम एवम् प्रशिक्षण,

(ङ) सल्लाहकार, विज्ञ वा परामर्श सेवा,

(च) लेख रचना, पुस्तक लेखन,

(छ) करियर काउन्सिलिङ(वृत्ति परामर्श),

(ज) सामाजिक परिचालन,

(झ) शैक्षिक तथा शैक्षणिक क्रियाकलाप,

(ञ) तथ्याङ्क सङ्कलन,

(ट) छानविन तथा अध्ययन समिति,

(ठ) व्यवस्थापन परीक्षण,

(ड) व्यावसायिक सामाजिकीकरण,

(ढ) सेवाग्राही सन्तुष्टि सर्वेक्षण,

(ण) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण,

(त) सामाजिक परीक्षण,

(थ) पूर्वीय दर्शन, आध्यात्मिकता सम्बन्धी सचेतीकरण,

(द) सङ्घ, प्रदेश र स्थानीय कानुन बीचमा सामाञ्जस्यता कायम गर्न एकापसमा बाझिएका विषय एवम् सवालहरूको पहिचान, विश्लेषण,

(ध) आवश्यक कानुन तर्जुमामा पृष्ठपोषण तथा सहजीकरण,

(न) नीति तर्जुमाका क्रममा सुझाव सङ्कलन, नीति परीक्षण तथा नीति प्रवोधीकरण,

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका(देउखुरी) नेपाल

(न) नीति तथा योजना कार्यान्वयनको अवस्था पहिचान,

(प) कानूनी सचेतना,

(फ) कार्यविधि तथा निर्देशिका तर्जुमा,

(ब) शान्ति सुरक्षा सम्बन्धी परामर्श सेवा,

(भ) परामर्श सेवा आवश्यक पर्ने प्रकृतिका कामहरूमध्ये अवकासप्राप्त राष्ट्रसेवकबाट सम्पादन गर्न सकिने कार्यहरू,

(म) मन्त्रालयले आवश्यक ठानेका अन्य क्षेत्रहरू।

(२) उपदफा (१) बमोजिम अवकासप्राप्त राष्ट्रसेवकको विज्ञताको उपयोग तथा परिचालन गर्दा कार्यदल बनाइ समूह वा एकल रूपमा जिम्मेवारी दिन सकिनेछ। विषय विज्ञताको आधारमा कार्यदलको नेतृत्वकर्ता वा अन्य सहयोगी, सहजकर्ता वा सदस्यको रूपमा समेत सहभागी गराउन सकिनेछ।

५. <u>विज्ञता उपयोग तथा परिचालनको माध्यमः</u> अवकाशप्राप्त राष्ट्रसेवकको विज्ञताको उपयोग तथा परिचालन गर्दा आवश्यकता अनुसार भौतिक उपस्थिति वा विद्युतीय माध्यमबाट गर्न सकिनेछ।

६. <u>निकायगत जिम्मेवारीः</u> अवकासप्राप्त राष्ट्रसेवकको विवरण सङ्कलन, व्यवस्थापन तथा निजको ज्ञान, सीप तथा अनुभवको उपयोगको सम्बन्धमा देहायका निकायको देहायबमोजिम जिम्मेवारी हुनेछः-

(क) <u>मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयः</u> मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) अवकाशप्राप्त राष्ट्रसेवकको विवरण सङ्कलन तथा व्यवस्थापनका लागि विद्युतीय प्रणालीको विकास गर्ने,

(ख) अवकाशप्राप्त राष्ट्रसेवकको विषय क्षेत्रगत विज्ञताको विवरण सङ्कलन तथा अद्यावधिक गरी वार्षिक रूपमा सार्वजनिक गर्ने,

(ग) अवकाशप्राप्त राष्ट्रसेवकको विषयक्षेत्रगत समूह सम्बन्धी विवरण मन्त्रालय तथा स्थानीय तहलाई उपलब्ध गराउने,

(घ) अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवबाट सम्पादन भएका कार्यहरूको वार्षिक प्रतिवेदन तयारी तथा प्रकाशन गर्ने,

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका(देउखुरी) नेपाल

(ङ) यस कार्यको समग्र समन्वय, सञ्चार तथा व्यवस्थापकीय कार्यको लागि प्रादेशिक केन्द्रीय निकायको रूपमा कार्य गर्ने,

(च) स्वतःस्फूर्त कार्यक्रममा सहजीकरण गर्ने ।

(ख) <u>मन्त्रालयः</u> मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयको कार्यजिम्मेवारी अनुसार अवकाशप्राप्त राष्ट्रसेवकको विषयक्षेत्रगत विज्ञता बमोजिमको समूह निर्माण गर्ने,

(ख) अवकाशप्राप्त राष्ट्रसेवकको विषयक्षेत्रगत विज्ञताको समूह सदस्यहरूको परिचालनका लागि वार्षिक कार्यक्रममा आवश्यक बजेट व्यवस्था गर्ने,

(ग) मातहतका निकाय तथा कार्यालयलाई आवश्यकता अनुसार अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान सीप र अनुभव उपयोग सम्बन्धमा सहजिकरण गर्ने,

(घ) अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवबाट सम्पादन भएका कार्यहरू वार्षिक रूपमा प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्ने,

(ङ) मन्त्रालयले आयोजना गर्ने विशेष समारोह, दिवसहरूमा अवकाशप्राप्त राष्ट्रसेवकको प्रतिनिधित्व गराउने,

(च) आवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवको उपयोग सम्बन्धमा आवश्यक सहजीकरण गर्ने।

(ग) <u>स्थानीय तह</u>: आवश्यकता र औचित्यको आधारमा स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहको कार्यजिम्मेवारी अनुसार स्थानीय तहमा उपलब्ध अवकाशप्राप्त राष्ट्रसेवकको विषय क्षेत्रगत विवरण तयार गरी विज्ञताको उपयोग गर्न सक्ने,

(ख) अवकाशप्राप्त राष्ट्रसेवकको परिचालनका लागि वार्षिक कार्यक्रममा आवश्यक बजेट व्यवस्था गर्ने,

(ग) *मेरो स्थानीय तह मेरो जिम्मेवारी* अभियान सञ्चालन गरी स्थानीय तहभित्र बसोबास गर्ने वा सोही स्थानीय तहमा जन्म भई अन्यत्र

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय राप्ती उपत्यका(देउखुरी) नेपाल

बसोबास गर्ने अवकाशप्राप्त राष्ट्रसेवकबाट स्वतःस्फूर्त सहभागिताका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने

(घ) अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवबाट सम्पादन भएका कार्यहरू वार्षिक रूपमा प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्ने ।

७. निर्देशक समितिः (१) अवकाशप्राप्त राष्ट्रसेवकको पहिचान, सूचीकरण तथा ज्ञान, सीप तथा अनुभवको उपयोग लगायतका विषयमा आवश्यक नीति बनाउन देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (प्रशासन हेर्ने) - अध्यक्ष

(ख) सचिव प्रदेश योजना आयोग - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(च) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको अवकाशप्राप्त राष्ट्रसेवकहरूमध्येबाट (प्रदेशभित्र स्थायी ठेगाना भएका) एक जना महिलासहित दुई जना - सदस्य

(छ) शाखा प्रमुख, कर्मचारी प्रशासन तथा PIS शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा प्रमुख सचिव तथा अन्य पदाधिकारीलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. निर्देशक समितिको काम कर्तव्य र अधिकारः यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त दफा ७ बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका(देउखुरी) नेपाल

(क) अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभव उपयोग सम्बन्धी कार्यक्रमहरूको समीक्षा गर्ने तथा सो सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गर्ने,

(ख) अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवका आधारमा भएका असल अभ्यासहरूलाई अन्य क्षेत्रगत कार्यक्रमहरूमा आन्तरिकीकरणका लागि प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ग) सार्वजनिक प्रशासन, सुशासन र विकास क्रियाकलापहरूमा अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभव उपयोग गर्ने क्षेत्रहरू पहिचान गरी सिफारिस गर्ने ,

(घ) उत्कृष्ट योगदान गर्ने अवकाशप्राप्त राष्ट्रसेवकको सम्मानका लागि सिफारिस गर्ने,

(ङ) अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभव उपयोगका सम्बन्धमा नेपाल सरकार, अन्य प्रदेश सरकार, स्थानीय तह तथा अन्य निकायहरूसँग समन्वय गर्ने,

(च) अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभव उपयोगलाई प्रभावकारी बनाउन आवधिक रूपमा अनुसन्धान गरी नीतिगत सुधारका लागि सुझाव दिने,

(छ) अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभवको उपयोगका लागि मन्त्रालय तथा स्थानीय तहबाट भए गरेका कार्यक्रमहरूको अनुगमन गरी पृष्ठपोषण दिने,

(ज) अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप, दक्षता, विज्ञताको उपयोग र परिचालनका लागि आवश्यक नीतिगत पृष्ठपोषण दिने,

(झ) नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहबाट भएका असल अभ्यासको अनुकरणका लागि पृष्ठपोषण दिने ।

९. <u>सेवा सुविधाः</u> अवकाशप्राप्त राष्ट्रसेवकको ज्ञान, सीप र अनुभव उपयोग गरे वापत प्रचलित कानून बमोजिम मौद्रिक तथा गैर मौद्रिक सुविधा उपलब्ध गराउन सकिनेछ ।

लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय लुम्बिनी उपत्यका(देउखुरी) नेपाल

१०. <u>आचारसंहिता</u>: अवकाशप्राप्त राष्ट्रसेवकले आफ्नो दक्षता, विज्ञता सहितको विषयक्षेत्रगत सेवा प्रदान गर्दा निर्देशक समितिले निर्धारण गरेको आचारसंहिताको पालना गर्नु पर्नेछ।

११. <u>खारेजी र बचाउ</u>: यस कार्यविधिमा लेखिएका विषयहरु, उल्लेखित व्यवस्थाहरु संघीय कानून वा प्रादेशिक कानून सँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ। यस कार्यविधिका सम्बन्धमा कुनै प्रकारको द्विविधा उत्पन्न भएको खण्डमा सोको औचित्यपूर्ण व्याख्या र बाधा अड्काउ फुकाउने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ।

## अनुसुची

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

<u>अवकाशप्राप्त राष्ट्रसेवकको विवरण सङ्कलन फाराम</u>

फोटो

१. नामथर :

२. ठेगाना :

जन्म स्थान :

हाल बसोवास भएको ठेगाना :

३. जन्म मिति: .............

४. सेवाको प्रकृति:

५. सेवा अवधि: ..... वर्ष (२०....../...../...... देखि २०....../...../...... सम्म)

६. अवकाश हुँदाको अवधिमा रहेको पद/तह/सेवा/समूह:

७. कार्यरत कार्यालयहरूको विवरण:

८. सेवा अवधिमा लिइएका तालिम विवरण (प्रमाणपत्र भएका मात्र):

९. सेवा अवधिमा प्रशिक्षकको रूपमा दिएका तालिम विवरण:

१०. विषयगत अनुभवको क्षेत्र:

११. विशेष दक्षता/सीपको क्षेत्र :

१२. आफ्नो सेवा अवधिमा गरेका उल्लेखनीय/महत्वपूर्ण कार्यहरूको सूची (बढीमा ७ वटा)-

१३. प्रकाशित कृतिहरू:

१४. शारीरिक वा मानसिक रूपमा स्वस्थ रहे/नरहेको :

१५. सम्पर्क

(क) ईमेल:

(ख) मोबाईल नम्बर:

१६. एक बर्षमा विज्ञता/दक्षता सम्बन्धी सेवा प्रदान गर्नसक्ने अधिकतम अवधि (दिन)

नोटः देहायको विषयमा स्वः घोषणा गर्नु पर्नेछ ।

(क) प्रचलित कानुनी प्रक्रियाबमोजिम सेवाबाट अवकाश पाएको हुँ ।

(ख) कुनैपनि नैतिक पतन देखिने फौजदारी अभियोग, भ्रष्टाचार वा अनियमिततामा सम्मानित अदालतबाट सजाय पाएको छैन ।

(ग) अवकाशप्राप्त राष्ट्रसेवकको हैसियतले लुम्बिनी प्रदेश सरकार तथा अन्तर्गतका स्थानीय तहले मेरो ज्ञान, सीप र अनुभव उपयोग गर्न चाहेमा भौतिक रूपमा वा विद्युतीय माध्यममा उपलब्ध हुनसक्नेछु। उपलब्ध हुन नसक्ने भएमा अग्रीम जानकारी गराउनेछु ।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल